# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ५७) काठमाडौँ, फागुन १४ गते २०६४ साल (अतिरिक्तांक ५५(घ)**

## भाग ५

### निर्वाचन आयोगको सूचना

खण्ड ५७, अतिरिक्ताङ्क ४८ (ख), मिति २०६४ साल पुस २८ गतेको नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस आयोगको सूचना नं. ३ मा उल्लिखित समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको संविधान सभा सदस्यको निर्वाचनको लागि निर्धारण गरिएको निर्वाचन कार्यक्रममा संशोधन गरी देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरेको छ :-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## संविधान सभा सदस्य निर्वाचन, २०६४
## समानुपातिक निर्वाचन प्रणालीको
## संशोधित निर्वाचन कार्यक्रम

| क.सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | २०६४/११/८ मा उम्मेदवारको बन्दसूची पेश गर्ने राजनैतिक दल बाहेक अन्य राजनैतिक दलहरुले उम्मेदवारको बन्दसूची पेश गर्ने | २०६४/११/१२ | | १०.०० | १७.०० | निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं |
| २ | उम्मेदवारको बन्दसूची सच्याउन राजनैतिक दललाई सूचित गर्ने | २०६४/११/१३ | २०६४/११/१९ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ३ | राजनैतिक दलले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने | २०६४/११/२० | २०६४/११/२६ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ४ | उम्मेदवारको बन्दसूची सार्वजनिक गर्ने | २०६४/११/२७ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ५ | उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध गर्न निवेदन दिने | २०६४/११/२८ | २०६४/१२/४ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ६ | उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दावी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने | २०६४/१२/५ | २०६४/१२/११ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ७ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | २०६४/१२/१२ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ८ | उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिने | २०६४/१२/१३ | २०६४/१२/१४ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ९ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनैतिक दललाई दिने | २०६४/१२/१५ | | १०.०० | १२.०० | ऐ. ऐ. |
| १० | उम्मेदवारको बन्दसूची अन्तिम रुपमा प्रकाशन गर्ने | २०६४/१२/१५ | | १२.१५ | १३.०० | ऐ. ऐ. |
| ११ | निर्वाचन चिन्ह प्रदान गर्ने | २०६४/१२/१५ | | १३.१५ | १७.०० | ऐ. ऐ. |

द्रष्टव्य :

१. निर्वाचन आयोगले मिति २०६४ पुस २८ गते प्रकाशित गरेको सूचना अनुसार मिति २०६४ चैत्र २८ गते विहिबारको दिन बिहान ७.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म मतदान हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदानकेन्द्रको मतदान भएको सबै मतपेटिकाहरु मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गर्नेछ।

३. निर्वाचन अधिकृतले मतगणना गरी राजनैतिक दलले प्राप्त गरेको कुल सदर मत संख्याको विवरण मुलुकभरबाट प्राप्त गरिसकेपछि प्रत्येक राजनैतिक दलले प्राप्त गरेको कुल सदर मत संख्याको अनुपातमा सो राजनैतिक दलले निर्वाचन आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारहरु मध्ये संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ बमोजिम निर्वाचन आयोगले उम्मेदवारहरु निर्वाचित भएको घोषणा गर्नेछ।

आज्ञाले,
सुशील जंग बहादुर राणा
सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।- लागु हुनेछ।
गो.ह.द.नं. १६।०६२।६३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।